# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८३/८४
च.नं.: १६९

मिति : २०८३/०५/०३

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

तपसिल :

मिति : २०८३/०५/०४ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ८:०० बजे

नि. प्रमुख प्रशासकिय अधि

..............................
(जीवलाल भुसाल)
नि.प्रमुख प्रशासकीय अधिकृत

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

CamScanner

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## मिति २०८३/०५/०४ गतेका गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्वन्धमा ।

२. प्रारम्भिक वातावारणीय परिक्षण (IEE) सम्वन्धमा ।

३. विविध विषयका सम्वन्धमा ।

निर्णय प्रमाणित गरिएको

नि. प्रमुख प्रशासकिय अधिकृत

CamScanner

आज मिति २०८३/०५/०४ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश ओझा** ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली साहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री जीवलाल भुसाल | नि.प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| | | श्री डिल बहादुर सार्की | वडा सदस्य |
| | | श्री गिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

CamScanner

**बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०५/०४ गतेको दोस्रो बैठकका निर्णयहरु :**

**<u>निर्णय नं.१ :</u>**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**<u>निर्णय नं.२ :</u>**

प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- यस गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने कालीगण्डकी नदीका विभिन्न स्थानहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल) को वातावरणमैत्री, व्यवस्थित तथा दिगो रूपमा उत्खनन/संकलन गर्न आवश्यक देखिएको हुँदा प्रचलित वातावरण संरक्षणसम्बन्धी कानून तथा मापदण्ड बमोजिम देहायका घाटहरूमा प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) गर्ने निर्णय गरियो।
    - साँवरीघाट – बौदीकाली-३
    - खैरेनीघाट – बौदीकाली-३
    - जाँजरीघाट – बौदीकाली-२
    - खर्सानघाट – बौदीकाली-२
    - माइतीघाट – बौदीकाली-१
    - जेरबर – बौदीकाली-१

उल्लिखित घाटहरूको भौगोलिक अवस्था, नदीको बहाव, वातावरणीय संवेदनशीलता, उत्खननयोग्य क्षेत्र, परिमाण, गहिराइ, पहुँचमार्ग, आसपासका बस्ती तथा पूर्वाधारमा पर्न सक्ने प्रभावलगायत विषयको स्थलगत अध्ययन गरी प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम IEE प्रतिवेदन तयार गर्ने कार्य अघि बढाउने निर्णय गरियो। IEE प्रतिवेदन तयार गर्न आवश्यक प्राविधिक जनशक्ति/परामर्शदाता छनोट तथा नियुक्ति सम्बन्धी कार्य प्रचलित सार्वजनिक खरिद कानून, वातावरण संरक्षणसम्बन्धी कानून तथा गाउँपालिकाका स्वीकृत नीति, नियम र कार्यविधि बमोजिम गर्ने निर्णय गरियो। IEE प्रतिवेदनमा उल्लिखित वातावरणीय प्रभाव न्यूनीकरणका उपाय, उत्खनन तथा संकलनको सीमा, परिमाण, अवधि, कार्यविधि तथा वातावरणीय व्यवस्थापन सम्बन्धी शर्तहरूलाई अनिवार्य रूपमा पालना गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०५/०४ गतेको दोस्रो बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका **बौदीखोला, निरन्दीखोला, इल्दीखोला** तथा **चुवार्दीखोला** का तोकिएका घाट/क्षेत्रबाट प्रचलित कानून, वातावरणीय अध्ययन प्रतिवेदन तथा स्वीकृत मापदण्डबमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) को उत्खनन, संकलन तथा बिक्री व्यवस्थापन गरी गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्ने प्रयोजनका लागि ठेक्का बन्दोबस्त गर्न आवश्यक देखिएको हुँदा ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। सम्वन्धित घाटहरूको IEE/वातावरणीय अध्ययन प्रतिवेदन, स्वीकृत कार्ययोजना तथा प्रचलित वातावरणीय मापदण्ड बमोजिम उत्खनन गर्न मिल्ने क्षेत्र, परिमाण तथा अवधि यकिन गरी सोही आधारमा ठेक्का रकम/न्यूनतम कबोल अंक निर्धारण गर्ने निर्णय गरियो। सम्बन्धित प्राविधिक शाखाबाट प्रत्येक घाटको स्थलगत निरीक्षण तथा प्राविधिक मूल्याङ्कन गराई उत्खननयोग्य नदीजन्य पदार्थको परिमाण र न्यूनतम ठेक्का अंक निर्धारण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

- बौदीकाली-१ मिथुकरम, मचेडी क्षेत्रमा वितरण भइरहेको खानेपानी अविरल वर्षाका कारण मिनामकोट क्षेत्रमा पहिरो खसेको हुँदा खानेपानी पाइपलाइनमा क्षति हुन पुगेकोले उक्त पाइपलाइन मर्मतका लागि स्थलगत प्राविधिक निरीक्षण तथा प्राविधिक लागत अनुमान अनुसार ५० mm को १०० मिटर पाईप "राहत, उद्दार तथा पुनस्थापना कार्यक्रम" शिर्षकबाट खानेपानी पाइप उपलब्ध गराउने निर्णय गरियो ।

- आर्थिक वर्ष २०८२/०८३ मा बौदीकाली गाउँपालिकाका लागि सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत समपूरक अनुदानतर्फको **बौदीकाली चक्रपथ (चापाभञ्ज्याङ–राईका हुँदै सवारी पुल) सडक स्तरोन्नति** तथा विशेष अनुदानतर्फको १५ शैयाको आधारभूत अस्पताल सञ्चालनार्थ **आवश्यक उपकरण खरिद** सम्वन्धी योजनाहरूमा मुद्दा परेको हुँदा उक्त मुद्दाहरूको छिनोफानो तथा आवश्यक कानुनी सहजीकरणका लागि वकिल नियुक्ति गरिएकोमा सो नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो।
- बौदीकाली गाउँपालिकामा लेखा अधिकृत पदमा कार्यरत श्री विनोद अर्यालको मिति २०८३/०३/२४ गतेको निवेदन र हेल्प नेपाल मानसिक अस्पताल प्रा.लि., चितवनको रिपोर्ट अनुसार निज विनोद अर्याल Anxiety Disorder का कारण मा उपचाररत रहनुभएको हुँदा परिवार/संस्थाको निगरानीमा कमसेकम २ (दुई) महिना बस्नुपर्ने भनिएकोले सो अवस्थाका कारण कार्यालयको नियमित कामकाज तथा सेवा प्रवाह, कार्यालयको कार्यसम्पादनमा परेको प्रभावलाई मध्यनजर गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरासंग आवश्यक समन्वय गरी प्रचलित कानून तथा नियमानुसार निज लेखा अधिकृत श्री विनोद अर्याललाई अन्यत्र कामकाजमा फिर्ता पठाउने सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

बौदीकाली गाउँकार्यपालिकाको आ.व: २०८३/०८४ को मिति २०८३/०५/०४ गतेको दोस्रो बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिका क्षेत्रभित्र आवागमनमा समस्या भएका तथा तत्काल सडक ग्राभेल गर्न आवश्यक देखिएका स्थानहरूमा प्राबिधिक शाखाको स्थलगत निरीक्षण तथा आवश्यकताको आधारमा सवारी साधन/निर्माण उपकरण भाडामा लिई सडक ग्राभेल तथा मर्मतसम्भार कार्य गर्ने निर्णय गरियो। उक्त कार्यका लागि लाग्ने खर्च प्रचलित कानून तथा बौदीकाली गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम "सडक ग्राभेल" शीर्षकबाट नियमानुसार भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

- बौदीकाली गाउँपालिका क्षेत्रभित्रका चाडपर्वका समयमा बढी आवागमन हुने मुख्य सडक तथा आवश्यक स्थानहरूमा सडक सरसफाई गर्ने निर्णय गरियो। उक्त कार्यका लागि प्राविधिक शाखाको स्थलगत निरीक्षण र प्रत्यक्ष निगरानी तथा आवश्यकताको आधारमा गाउँपालिकाको ब्याकहो लोडर, श्रमिक, भाडाका सवारी साधन तथा उपकरण परिचालन गरी सडकको सरसफाई तथा अवरोध हटाउने व्यवस्था मिलाउने र सो कार्यमा लाग्ने खर्च बौदीकाली गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम "चाडपर्व लक्षित सडक सरसफाई" शिर्षकबाट नियमानुसार व्यवस्थापन गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजानका लागि सम्पूर्ण शाखा, इकाइ तथा सम्बन्धित कर्मचारीहरूलाई आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित वार्षिक कार्ययोजना तयार गर्न लगाउने निर्णय गरियो। उक्त कार्ययोजना मिति २०८३ साल भाद्र १५ गतेसम्म तयार गरी प्रमुख प्रशासकीय अधिकृतमार्फत पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो। प्रमुख प्रशासकीय अधिकृतले प्राप्त कार्ययोजनाहरूलाई आवश्यक समन्वय तथा एकीकृत गरी गाउँपालिकाको समग्र वार्षिक कार्ययोजना तयार गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

- आर्थिक वर्ष २०८३/०८४ मा स्वीकृत गाउँपालिकाका योजनाहरूको उपभोक्ता समिति गठन, योजना सम्झौता, लागत अनुमान स्वीकृति तथा अन्य आवश्यक प्रक्रिया तत्काल प्रारम्भ गरी योजना कार्यान्वयनमा लैजाने निर्णय गरियो। सम्बन्धित शाखा, वडा कार्यालय तथा कर्मचारीहरूले आ– आफ्नो जिम्मेवारीअनुसार योजनासम्बन्धी आवश्यक कागजात तथा प्रक्रिया पूरा गरी समयमै योजना सम्झौता तथा कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो। साथै योजनाहरूको

CamScanner

कार्यान्वयनमा प्रचलित कानून, कार्यविधि तथा गाउँपालिकाको स्वीकृत मापदण्डको पूर्ण पालना गर्ने/गराउने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको समग्र विकासका लागि आवश्यक योजना तथा आयोजनाहरूलाई प्राथमिकताका आधारमा व्यवस्थित रूपमा समेटी योजना बैंक निर्माण गर्ने कार्य तुरुन्त प्रारम्भ गर्ने निर्णय गरियो ।योजना बैंक निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाई सम्वन्धित शाखाहरुलाई आवश्यक समन्वय तथा कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो।

- बौदीकाली गाउँपालिका वडा नं. २ स्थित प्रस्तावित कभर्ड हल नजिकैको उपयुक्त स्थानमा चिस्यान केन्द्र स्थापना गर्ने निर्णय गरियो। उक्त चिस्यान केन्द्र स्थापनाका लागि आवश्यक स्थलगत प्राविधिक निरीक्षण, जग्गा/स्थानको उपयुक्तता परीक्षण, लागत अनुमान, डिजाइन तथा आवश्यक पूर्वाधारको अध्ययन गरी प्रचलित कानूनबमोजिम निर्माण तथा सञ्चालनको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। बौदीकाली गाउँपालिकाको प.सं. २०८२/०८३, च.नं. १६७०, मिति २०८२/१२/२१ गतेको पत्र अनुसार चिस्यान केन्द्र निर्माणका लागि अनुमानित कुल लागत रु. ३ करोड रहेको देखिएको हुँदा चालु आर्थिक वर्षमा विनियोजित रु. १ करोड २० लाखबाट मात्र निर्माण कार्य सम्पन्न गर्न सम्भव नदेखिएको र बाँकी रु. १ करोड ८० लाख आगामी आर्थिक वर्षमा विनियोजन गर्ने गरी चिस्यान केन्द्र निर्माण कार्यलाई वहुवर्षीय योजनाका रूपमा सञ्चालन गर्नुपर्ने देखिएको हुँदा बहुवर्षीय ठेक्का प्रक्रिया प्रचलित कानून बमोजिम अगाडि बढाउन पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखालाई निर्देशन दिने निर्णय गरियो।

- मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौं तह) पदको लागि सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो । सो पदको लागि तलबको विषयमा सङ्घीय सशर्त अनुदानबाट ५० प्रतिशत रकम र गाउँपालिकाको स्रोतबाट बाँकी ५०% रकम साझेदारी हुने समेत निर्णय गरियो ।

- अमिन (सहायक चौथो तह) पदको लागि सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो । सो पदको लागि बौदीकाली गाउँपालिकामा स्वीकृत दरबन्दी नभएतापनि भूमि सम्बन्धी कार्य (भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी व्यवस्थापन) गर्न अत्यावश्यक देखिएको हुँदा गाउँपालिकाको आन्तरिक स्रोतबाट पारिश्रमिक रकम भुक्तानी हुने गरी विज्ञापन गर्ने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०५/०४ गतेको दोस्रो बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिका क्षेत्रभित्र संघ तथा प्रदेश सरकारका सम्बन्धित कार्यालयबाट निर्माण भएका सडकहरूको आवश्यक नियमन, संरक्षण, मर्मतसम्भार तथा सडक सुरक्षासम्बन्धी कार्यका लागि सम्बन्धित निकायलाई आवश्यक पत्राचार गरी समन्वय तथा सहकार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। साथै सडकको अवस्था तथा आवश्यकताका आधारमा सम्बन्धित निकायबाट आवश्यक मर्मतसम्भार तथा सुधारका कार्यहरू समयमै गराउन सम्बन्धित कार्यालयमा पत्राचार गर्ने र आवश्यक समन्वय गर्ने निर्णय गरियो।

- मिति २०८३ साल भाद्र १ गते परेको अविरल वर्षाका कारण बौदीकाली गाउँपालिका वडा नं. २ स्थित क्यामुनडाँडा क्षेत्रमा डेढगाउँटार सिंचाइ योजना जल उपभोक्ता समितिको करिब ५० मिटर नहर पहिरोका कारण पूर्ण रूपमा क्षति भएको हुँदा सिंचाइ सुविधा सञ्चालनमा समस्या उत्पन्न भएको देखिन्छ। उक्त क्षतिग्रस्त नहरको स्थलगत निरीक्षण गरी तत्काल मर्मत तथा पुनःस्थापना गर्न आवश्यक देखिएको तर तत्काल पक्कि संरचना बनाउन असम्भव देखिएकोले विपद्का कारण भएको क्षतिलाई मध्यनजर गर्दै पुनःस्थापना तथा सिंचाइ सेवा सुचारु गर्न "विपद व्यवस्थापन कोष" शिर्षकबाट रु. १० लाखको सिमाभित्र रही प्राविधिक निरीक्षण तथा प्राविधिक लागत अनुमानका आधारमा आवश्यक पाइप खरिद गरि उपलब्ध गराउने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम कार्यविधि, २०८१ (पहिलो संशोधन) स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको ५ वटा वडाहरुमा (वडा नं. ५, बबक बाहेक) किसान सूचीकरण कार्यक्रम सम्पन्न भएको र आ.व. २०८३/०८४ मा किसान सूचीकरण कार्यको लागि सङ्घीय सशर्त अनुदानबाट रकम विनियोजन भएको हुँदा बौदीकाली-५, बबकमा कृषि गणना कार्यको लागि किसान सूचिकरण सहजकर्ता छनौटको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. ६, नरममा पशु सेवा केन्द्र स्थापना गर्ने निर्णय गरियो। पशु सेवा केन्द्र सञ्चालनका लागि आवश्यक स्थान, भौतिक पूर्वाधार, उपकरण, औषधि तथा जनशक्तिको व्यवस्थापन गरी आसपासका क्षेत्रका पशुपालक कृषकहरूलाई प्रभावकारी रूपमा पशु स्वास्थ्य तथा पशु सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०५/०४ गतेको दोस्रो बैठकका निर्णयहरु :

- कार्यालय सहयोगी (श्रेणीविहिन) पदको लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट पारिश्रमिक रकम भुक्तानी हुने गरी सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको प्रशासकीय भवन र बौदीकाली आधारभूत अस्पतालको परिसरमा आवश्यक सरसफाई गर्नको लागि दैनिक ज्यालादारीमा सरसफाईकर्मी व्यवस्थापन गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता सहज, नियमित तथा प्रभावकारी रूपमा वितरण गर्ने प्रयोजनका लागि बौदीकाली गाउँपालिका र ग्लोबल आई.एम.ई. बैंक, बुङ्दीकाली शाखाबीच भएको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी सम्झौता नवीकरण गर्नुपर्ने भएको हुँदा सम्झौता नवीकरणका लागि आवश्यक कागजात तयार गर्ने, बैंकसँग आवश्यक समन्वय गर्ने तथा सम्झौतासम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको ठूला विद्यालय (Big School) विकास कार्यक्रम संचालन कार्यविधि, २०८३ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको विद्यार्थी सिप सप्ताह कार्यक्रम संचालन कार्यविधि, २०८३ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको हरित विद्यालय विकास कार्यक्रम संचालन कार्यविधि, २०८३ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको शिक्षा सम्मान कार्यक्रम संचालन कार्यविधि, २०८३ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०५/०४ गतेको दोस्रो बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको खोज, अनुसन्धान तथा नवप्रवर्तनका लागि प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०८३ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको विद्यालय आवास संचालन तथा व्यवस्थापन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८३ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

- राष्ट्रिय मानव अधिकार आयोग, पोखराको च.नं. १७ मिति २०८३/०४/२८ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि स्थानीय तह समन्वय समिति गठन गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिमको समिति गठन गरी ताहाँ आयोगलाई जानकारी उपलब्ध गराउने निर्णय गरियो ।

  तपसिल :

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष श्री प्रकाश ओझा | -संयोजक |
| गाउँपालिका उपाध्यक्ष श्री डिल कुमरी के.सी. सारु मगर | -सदस्य |
| वडा अध्यक्ष श्री अनिल थापा मगर | -सदस्य |
| वडा अध्यक्ष श्री श्याम सुन्दर श्रेष्ठ | -सदस्य |
| वडा अध्यक्ष श्री तेज बहादुर थापा | -सदस्य |
| वडा अध्यक्ष श्री मन बहादुर सारु | -सदस्य |
| वडा अध्यक्ष श्री खिम बहादुर थापा खरु मगर | -सदस्य |
| वडा अध्यक्ष श्री खुम कुमार सारु | -सदस्य |
| स.म.वि.नी. श्री सोनी पोखेल | -सदस्य |
| श्री जमुना पोखेल | -सदस्य |
| श्री भिम बहादुर थापा | -सदस्य |
| श्री नेम बहादुर थापा | -सदस्य |
| प्रहरी निरीक्षक श्री अनिल कुमार मिश्र | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री राकेश कुमार चौधरी | -सदस्य सचिव |

CS CamScanner

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति ०८३/०५/०४ गतेको चौथो बैठकका निर्णयहरु :

- भूमि प्रशासन कार्यालय, कावासोतीको प.सं. २०८३/०८४ च.नं. १ मिति २०८३/०४/०१ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा व्यक्ति विशेषको जग्गा सार्वजनिक प्रयोजनको लागि दर्ता गर्न सम्बन्धित जग्गाबालाको निवेदन परेमा त्यस्तो जग्गाबाट व्यक्तिको नाममा कट्टा गर्न सिफारिस गर्नको लागि मालपोत नियमावली २०३६ को नियम ५ग बमोजिम गठित लगत कट्टा समितिमा "जग्गा रहेको स्थानीय तहको अध्यक्ष वा प्रमुख वा निजले तोकेको सो गाउँ वा नगर कार्यपालिकाको सदस्य" सदस्य रहने व्यवस्था भए बमोजिम यस गाउँपालिकाबाट अध्यक्ष श्री प्रकाश ओझालाई तोकी सो सम्बन्धी जानकारी भूमि प्रशासन कार्यालय, कावासोतीलाई जानकारी उपलब्ध गराउने निर्णय गरियो ।

- यस गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुमध्ये विभिन्न कारणले तराई क्षेत्रमा अस्थायी बसोबास गर्दै आएका लाभग्राहीहरुलाई सेवाग्राहीमैत्री सेवा प्रवाह गर्ने उद्देश्यले सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि आवश्यक कार्य संचालन गर्ने निर्णय गरियो ।

- बौदीकाली ज्येष्ठ नागरिक समाजले पेश गरेको कागजात रुजु गरी बौदीकाली गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ बमोजिम उक्त संस्थालाई दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

- बौदीकाली-३, रकुवा, रालवाङ्टारी निवासी तुल्सी प्रसाद पाण्डेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्रानुसार २०८३ साल श्रावण २९ गते आएको अविरल वर्षाका कारण निजको घरमा आंशिक क्षति भएतापनि बस्न मिल्ने अवस्थामा नरहेको साथै निजको आर्थिक अवस्था कम्जोर रहेको भनि निवेदन प्राप्त भएको हुँदा "राहत, उद्दार तथा पुनस्थापना कार्यक्रम" शिर्षकबाट रु. १०,०००/- (दश हजार रुपैया मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका पशुपन्छी विकास शाखाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम "उत्पादनमा प्रोत्साहन कार्यक्रम" मा सहभागी हुनका लागि यस गाउँपालिकाभित्र रहेका दुग्ध उत्पादकसंग सम्बन्धित संकलन केन्द्र/समूह/सहकारीहरु मध्येमा अकला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले मात्र प्रस्ताव पेश गरेको हुँदा उक्त संस्थालाई छनौट गर्ने निर्णय गरियो ।